मिति: २०८२/०६/३० | ने.सं. ११४५ कौलागा १० सोमबार | बैठक संख्या - ३

आज मिति २०८२/०६/३० गते विहिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को तेश्रो गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………

१७. सुचना प्रविधि अधिकृत श्री देवेन्द्र पौडेल……………

१८. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङ्देन……………

१९. कार्यालय सहयोगी श्री विवेका योङहाङ……………

मिति: २०८२/०६/३० नेे.सं. ११४५ कौलागा १० सोमबार बैठक संख्या - ३

**प्रस्तावहरु**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।
२. अघिल्लो कार्यपालिकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।
३. हिलिहाङ साहित्य महोत्सब-२०८२ कार्यक्रमको लागि रकम थप सम्बन्धमा ।
४. बर्खा याममा विग्रे भत्केका मोटरबाटो सरसफाई सम्बन्धमा ।
५. बार्षिक कार्ययोजना प्रवोधिकरण सम्बन्धमा ।
६. बार्षिक समिक्षा तथा बार्षिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।
७. व्यक्तिगत घट्ना दर्ताको प्रमाणपत्रमा नाम, थर, उमेर वा अन्य विवरण सच्याईदिने सम्बन्धमा ।
८. हेवा ग्रामिण विद्युत सहकारी संस्थाका लागि टिओडी मिटर जडानको लागि रकम विनियोजन सम्बन्धमा ।

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. - १**

मिति: २०८२/०६/३० नेसं. ११४५ कौलागा १० सोमबार बैठक संख्या - ३

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यापालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो। उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो।

**तपसिल:**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | १३३ | २०८२-०६-०८ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | निर्णय कार्यान्वयन गर्ने गराउने सम्बन्धमा। | अन्य कार्यपालिका बैठकमा बृहत छलफल गरी आवश्यक कार्य गर्ने |
| २. | ७१ | २०८२-०६-२६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाब कार्यान्वयन सम्बन्धमा। | कार्यान्वयन गर्ने। |
| ३. | ७० | २०८२-०६-२६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुझाब कार्यान्वयन सम्बन्धमा। | कार्यान्वयन गर्ने। |
| ४. | ६९ | २०८२-०६-२६ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सुशासन प्रवर्द्धन शाखा) | सुचनाको हक कार्यान्वयन सम्बन्धी प्रगति विवरण सम्बन्धमा। | सुचनाको हक कार्यान्वयन गरी विवरण पठाउने। |
| ५. | १० | २०८२-०६-०९ | श्री हेवा ग्रामिण विधुत सहकारी संस्था लिमिटेड, हिलिहाङ-७, पाँचथर। | टिओडी मिटर बारे। | छलफल गरि निर्णय लिने। |
| ६. | झो.पु/१५२ | २०८२-०६-२७ | श्री स्थानीय पुर्वाधार विकास विभाग (झोलुङ्गे पुल शाखा) | झोलुङ्गे पुल माग सम्बन्धमा | झोलुङ्गे पुलको संभाव्यता तथा आवश्यकता अध्ययन गरी माग गर्ने। |

मिति: २०८२/०६/३० नेपाल संवत् ११४५ कौलागा १० सोमबार बैठक संख्या - ३

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि दोश्रो बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने ।

**निर्णय नं. - ३**

हिलिहाङ गाउँपालिकाको १८ औं गाउँ सभाबाट हिलिहाङ जन्मोत्सबको अबसरमा लिम्बु भाषा साहित्यिक महोत्सब आयोजनाको लागि रु.१०००००।- विनियोजन गरिएकोमा आयोजक संस्था हिलिहाङ फाउण्डेसनले हिलिहाङ साहित्यिक महोत्सव-२०८२ सञ्चालन गर्नका लागि रकम अपुग हुने व्यहोरा सहित निवदेन पेश गरेकोले सभा, दिवश तथा तालिम संञ्चालन विविध खर्च शिर्षकबाट रु.५००००।- (अक्षयरेपी पचास हजार) तथा विविध खर्च शिर्षकबाट रु.५००००।-(अक्षयरेपी पचास हजार) गरी जम्मा रु.१०००००।-(अक्षयरेपी एकलाख) परियोजना प्रस्तावना तथा कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानि दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ४**

यस हिलिहाङ गाउँपालिकाभित्र वर्खायामका कारण अवरुद्ध भएका सडकहरु मर्मत सम्भार तथा सरसफाईका लागि गाउँपालिकाको विपत व्यवस्थापन कोषबाट खर्च हुने गरि पालिकाको ब्याक-हो- लोडरको प्रयोग गरि देहाय बमोजिमका वडाहरुमा Working Hour को आधारमा कार्य गर्ने/गराउने निर्णय गरियो । साथै सडक मर्मत संभार तथा सरसफाइको लागि लागत अनुमान निर्माण, कार्यसम्पन्न प्रतिवेदन तथा स्थलगत मुचुल्का निर्माण गरी भुक्तानी मागका लागि वडा प्राविधिकहरुलाई वडाअध्यक्षहरुले आवश्यक सहयोग गर्ने ।

| क्र.सं. | कार्य सञ्चालन क्षेत्र | कार्य घण्टा | कैफियत |
|---|---|---|---|
| १. | १ नं वडा कार्यालय | ३० घण्टा | सातौं |
| २. | २ नं वडा कार्यालय | ४० घण्टा | आठौं |
| ३. | ३ नं वडा कार्यालय | ३० घण्टा | पाँचौं |
| ४. | ४ नं वडा कार्यालय | ३० घण्टा | छैटौं |
| ५. | ५ नं वडा कार्यालय | ४० घण्टा | चौथौ |
| ६. | ६ नं वडा कार्यालय | ४० घण्टा | तेश्रो |
| ७. | ७ नं वडा कार्यालय | ४० घण्टा | दोश्रो |

| | | | |
|---|---|---|---|
| ८. | सल्लेरी-सुभाङ-अमरपुर सडक खण्ड | ३० घण्टा | वडामा सञ्चालनको अवस्थामा |
| ९. | हिलिहाङ् गेटदेखी पालिका केन्द्र सम्मको सडक खण्ड | २० घण्टा | पहिलो |

पुनश्चः यस अधि कार्य सम्पन्न भएको आकस्मिक रूपमा सरसफाई गरिएको सडकहरूको भुक्तानी प्राविधिक प्रतिवेदनको आधारमा विपत व्यवस्थापन कोषबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ५**

हिलिहाङ गाउँपालिकाद्धारा आ.व २०८२।८३ मा सञ्चालन/सम्पन्न गरिने विभिन्न आयोजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने विधि, समयसीमा तथा मुख्य जिम्मेवार शाखा सहितको विवरण उल्लेख गर्दै विभिन्न शाखा तथा वडाहरुले तयार गरेको बार्षिक कार्ययोयनालाई सरोकारवाला, उपभोक्ता समिति, लाभग्राही, बुद्धिजिवि तथा नागरिक समाज सम्म पुग्ने गरि मिति २०८२।०७।२१ गते शुक्रवार बार्षिक कार्ययोजना-२०८२।०८३ प्रवोधिकरण कार्यक्रम सञ्चालन गर्ने ।

**निर्णय नं. - ६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ उपदफा ५ बमोजिम यस हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा आ.ब. २०८१।८२ मा बार्षिक स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सम्पन्न योजना तथा कार्यक्रमहरुको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० तथा नियमावली, २०६५ को नियम १९ बमोजिम आम नागरिक, बुद्धिजिवि, सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि मिति २०८२।०७।२७ गते विहिबार गाउँ कार्यपालिकाको सभाहलमा बिहान ११ बजे वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ७**

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ (प्रथम संशोधन सहित) दफा २५ को उपदफाहरुमा भएको संशोधनमा भएको व्यवस्था बमोजिम कुनै व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रमा उल्लेखित नाम, थर, उमेर वा अन्य विवरणहरु सच्याउनको लागि निवेदन आएमा संशोधन सहितको ऐनमा भएको व्यवस्था बमोजिम विवरण सच्याउन स्थानीय पञ्जिकाधिकारीहरुलाई निर्देशन दिने ।

**निर्णय नं. - ८**

हेवा ग्रामिण विद्युत सहकारी संस्था लिमिटेड, हिलिहाङ-७, पाँचथरले यस हिलिहाङ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा टि.ओ.डी मिटर जडान गर्नका लागि आवश्यक रकमको व्यवस्था गर्नको लागि बजेट माग गरेकोले विविध खर्च शिर्षकबाट रु.३५०००।- (अक्षयरेपी पैतिस हजार) विनियोजन गर्ने तथा टि.ओ.डी मिटर खरिद गरि हस्तान्तरण सम्मको कार्य गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।